भूमि आयोग कैलालीमा एक लाख ३० हजारभन्दा बढी निवेदन

कैलाली । राष्ट्रिय भूमि आयोग कैलालीमा एक लाख ३० हजार ७०१ निवेदन दर्ता भएका छन् । भूमिहीन दलित, सुकुमबासी तथा अव्यवस्थित बसोबासीले जग्गाधनी पुर्जा प्राप्तिका लागि उक्त निवेदन दर्ता गराएका हुन् । जिल्लाका १३ ओटै स्थानीय तहका भूमिहीन दलित, सुकुमबासी तथा अव्यवस्थित बसोबासीले जग्गाधनी पुर्जा प्राप्त गर्नका लागि निवेदन दर्ता गराएको राष्ट्रिय भूमि आयोगले जनाएको छ ।

जिल्लामा सबैभन्दा बढी अव्यवस्थित बसोबासीले एक लाख १० हजार ६५, भूमिहीन दलितले आठ हजार ९ सय ७३ तथा ११ हजार एक सय २३ जना भूमिहीन सुकुमबासीले निवेदन दर्ता गराएको राष्ट्रिय भूमि आयोगका अध्यक्ष यज्ञराज उपाध्यायले जानकारी दिए । धनगढी उपमहानगरपालिकाका १९ हजार ६ सय ६५, गोदावरी नगरपालिकाका १८ हजार ६४, लम्की-चुहा नगरपालिकाका १६ हजार ९ सय ९६, घोडाघोडी नगरपालिकाका १७ हजार दुई सय १०, गौरीगंगा नगरपालिकाका १२ हजार ९ सय १७, भजनी नगरपालिकाका आठ हजार सात सय ६५ र टीकापुर नगरपालिकाका ९ हजार ९ सय ३५ भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीले निवेदन दर्ता गराएका छन् ।

त्यसैगरी कैलारी गाउँपालिकाका ६ हजार ९ सय ४०, बर्दगोरिया गाउँपालिकाका ६ हजार पाँच सय ७५, जोशीपुर गाउँपालिकाका चार हजार ६९ र जानकी गाउँपालिकाका पाँच हजार १०, चुरे गाउँपालिकाका दुई हजार तीन सय ३६ र मोहन्याल गाउँपालिकाका दुई हजार दुई सय ५८ जनाको निवेदन दर्ता भएको आयोगको तथ्यांकमा उल्लेख छ । आयोगले यसअघि धनगढी उपमहानगरपालिका-९ का २२, लम्कीचुहा नगरपालिका बल्चौरका एक सय ३०, गोदावरी नगरपालिका-१ का सात र बर्दगोरियाका पाँच जना भूमिहीन दलित परिवारलाई जग्गाधनी पुर्जा वितरण गरिसकेको छ । कैलालीमा राष्ट्रिय भूमि आयोगले विगतका सुकुमबासी आयोगले अधुरो छाडेका पाँच हजारसहित एक लाख ३५ हजार सात सय एकजनालाई जग्गाधनी प्रमाण पुर्जा वितरण गर्ने जनाएको छ ।

राष्ट्रिय भूमि आयोग कैलालीका विज्ञ सदस्य केशवराज जोशीका अनुसार जिल्लामा अहिलेसम्म ४० हजार हेक्टर जमीनको नापनक्सा भइसकेको छ । अव्यवस्थित बसोबासी, भूमिहीन दलित र भूमिहीन सुकुमबासीलाई जग्गाको स्वामित्व हस्तान्तरण गर्ने प्रयोजनका लागि एक वर्षभित्र जिल्लाका १३ ओटै पालिकामा जग्गा नापजाँचको काम सक्ने लक्ष्य राखेको उनले बताए । संविधानमा भएको व्यवस्थाअनुसार पहिलो प्राथमिकतामा भूमिहीन दलित, दोस्रोमा भूमिहीन सुकुमबासी र तेस्रोमा अव्यवस्थित बसोबासी रहेका छन् । आयोगले कैलालीका पाँच स्थानीय तहमा जग्गाधनी पुर्जा वितरण गर्ने तयारी गरेको छ । धनगढी उपमहानगरपालिका, गोदावरी, भजनी, लम्कीचुहा नगरपालिका र कैलारी गाउँपालिकामा यही माघ पहिलो साताबाट जग्गाधनी पुर्जा वितरण गर्ने तयारी गरेको हो । *रासस*

साढे तीन हजार पर्यटकले घुमे उपल्लो मुस्ताङ

मुस्ताङ । अर्धनिषेधित क्षेत्र उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकको संख्या बढेको छ । सन् २०२२ को तुलनामा २०२३ मा उक्त क्षेत्र भ्रमण गर्ने पर्यटकको संख्या बढेको र यसबाट सरकारलाई रू. २२ करोड ९९ लाख ४४ हजार आम्दानी भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले बताएको छ ।

एक्याप जोमसोम शाखाका प्रमुख प्रमोदराज रेग्मीले सन् २०२३ मा ३ हजार ४८७ पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेको जानकारी दिए । 'सन् २०२१ मा ६०२ र २०२२ मा ३ हजार २१२ पर्यटक उपल्लो मुस्ताङ घुम्न आएका थिए' उनले भने, 'सडक यातायातको सहजता, प्रचारप्रसार र प्रवर्द्धनात्मक कार्यक्रमले उपल्लो मुस्ताङमा पर्यटकको आगमन बढेको हो ।'

गत जनवरीमा सात विदेशी पर्यटकले भ्रमण गरेको उपल्लो मुस्ताङमा फेब्रुअरीमा २३, मार्चमा १६२, अप्रिलमा ४२५, मेमा ७१२, जुनमा १४९, जुलाईमा १०८, अगस्टमा २७८, सेप्टेम्बरमा ४०७, अक्टोबरमा ८३०, नोभेम्बरमा २८० र डिसेम्बरमा २३ विदेशी पर्यटक पुगेका थिए ।

मुस्ताङको कागबेनीदेखि उपल्लो क्षेत्रलाई सरकारले निषेधित तथा नियन्त्रित क्षेत्र घोषणा गरेको छ । उपल्लो मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई अध्यागमन विभागले प्रवेश शुल्कबापत ५०० अमेरिकी डलर तोकेको छ ।

एक्याप जोमसोम शाखाका प्रमुख प्रमोदराज रेग्मीले सन् २०२३ मा ३ हजार ४८७ पर्यटकले उपल्लो मुस्ताङ भ्रमण गरेको जानकारी दिए । 'सन् २०२१ मा ६०२ र २०२२ मा ३ हजार २१२ पर्यटक उपल्लो मुस्ताङ घुम्न आएका थिए ।

सो शुल्क तिरेर उपल्लो मुस्ताङ जाने विदेशी पर्यटकले दश दिनको प्रवेश अनुमति पाउँछन् । दश दिन कटेपछि प्रतिदिन थप ५० डलरका दरले सरकारलाई राजस्व बुझाउनुपर्ने हुन्छ । उपल्लो मुस्ताङ गएका विदेशी पर्यटक लोमान्थाङ गाउँपालिका-२ को छोसेरस्थित नेचुङबाट माथि जान पाउँदैनन् ।

सरकारले सन् १९९२ मा उपल्लो मुस्ताङमा पर्यटकलाई भ्रमणका लागि खुल्ला गरेको थियो । सबै वर्ग र आर्थिक हैसियतका पर्यटकका लागि अनुकूल हुने किसिमको शुल्क निर्धारण र प्रक्रिया बनाउन आवश्यक रहेको गण्डकी प्रदेशसभा सदस्य विकल शेरचनले बताए ।

गत भदौ र कात्तिकमा मुस्ताङ आउनुभएका प्रधानमन्त्री पुष्पकमल दाहाल र गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग जनप्रतिनिधिहरूले उपल्लो मुस्ताङलाई अर्धनिषेधित क्षेत्रबाट मुक्त गराउन माग गरेका थिए । कलात्मक पहाड, मरुभूमिजस्तै भौगोलिक बनावट र माटोले बनाइएका घर, हिमाली जीवनशैली, पुरानो तिब्बती संस्कृति, ऐतिहासिक महत्त्वका दरबार, गुम्बा, छ्योर्तेन, कोरला नाका उपल्लो मुस्ताङका प्रमुख आकर्षण हुन् । *रासस*

कोरला-त्रिवेणी सडक आयोजना

डेढगाउँ-झ्यालबास खण्ड कात्तिकभित्र सम्पन्न गर्ने लक्ष्य

त्रिवेणी (नवलपुर) । कोरला-त्रिवेणी सडकखण्डअन्तर्गतको डेढगाउँ-झ्यालबास खण्डको भौतिक प्रगति ३० प्रतिशत पुगेको छ । गण्डकी प्रदेश सरकारले सो आयोजनालाई प्रदेश गौरवको योजनामा राखेको छ । नवलपुरमा डेढगाउँबाट शुरू हुने पहिलो खण्डको प्रगति सन्तोषजनक नै रहेको पूर्वाधार विकास कार्यालय नवलपुरका सडक इन्जिनियर रामकृष्ण घिमिरेले जानकारी दिए ।

डेढगाउँ-झ्यालबास खण्डमा पहिलो चरणमा हाल १४ दशमलव एक किलोमिटर सडक निर्माण अघि बढिरहेको छ । २०७९ वैशाखमा सम्झौता भएर निर्माण शुरू गरिएको सो खण्ड २०८१ कात्तिकमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । रू. ३२ करोड २० लाखको लागतमा सडक निर्माण लामा गौरीशंकर जेभीले गरिरहेको छ ।

नालासहित कालोपत्र गर्ने योजनाका साथ काम चलिरहेको सो खण्डमा हाल सडक चौडा गर्ने काम सकिएको छ । नालासहित ११ मिटर चौडाइ रहने यस खण्डमा तीन किलोमिटरमा नाला निर्माण सकिएको इन्जिनियर घिमिरेले बताए । उनका अनुसार नाला निर्माणसँगै ठाउँ-ठाउँमा ग्याबिन भर्ने, सडक छेउमा पर्खाल निर्माण गर्ने काम जारी छ । सम्झौताको २१ महीना सकिएको छ । अब १० महीना बाँकी छ । सम्झौताको अवधिभित्रै काम सक्नेगरी लागिरहेको इन्जिनियर घिमिरेले बताए । सडक चौडा पार्ने, ग्याबिन भर्ने, छेउछाउमा पर्खाल लगाउनेजस्ता मुख्य काम धेरैजसो सकिएकाले बाँकी रहेको अवधिमा सबै काम सम्पन्न हुने उनको भनाइ छ । 'प्रारम्भमा गर्नुपर्ने धेरै मुख्य काम सकिने चरणमा छन्, निर्माण नियमित सञ्चालन भए, सम्झौता अवधिमा सबै काम सम्पन्न हुन्छ' उनले भने ।

नवलपुरको डेढगाउँबाट प्रारम्भ हुने सो सडक रुपाङ-झ्यालबास हुँदै चोरमारा पुगेर पूर्वपश्चिम राजमार्गमा जोडिन्छ । यसै खण्डमा दोस्रो चरणमा थप सात किलोमिटर सडक निर्माणको समेत अगाडि बढेको इन्जिनियर घिमिरेले बताए । 'पहिलो खण्डको १४ किलोमिटरपछि थप सात किलोमिटर सडक निर्माण अगाडि बढेको छ, चाँडै सम्झौता भएर अर्को खण्डको काम शुरू हुन्छ,' उनले भने ।

डेढगाउँबाट झ्यालबाससम्म करीब ४१ किलोमिटरमध्ये दोस्रो चरणको काम अघि बढेपछि २० किलोमिटरको काम बाँकी रहने उनले बताए । गण्डकी प्रदेश सरकारको प्रदेश गौरवको योजना भएकाले क्रमशः सबै खण्डको काम अघि बढ्ने उनले बताए । झ्यालबासबाट चोरमारासम्म ९ किलोमिटर सडक गत वर्ष निर्माण भइसकेको छ । चोरमारा पुगेर पूर्वपश्चिम राजमार्गमा जोडिने यस सडक दुम्कीबासबाट त्रिवेणी पुऱ्याउने प्रदेश सरकारको लक्ष्य छ । तर दुम्कीबास-त्रिवेणी खण्डमा भने चितवन राष्ट्रिय निकुञ्जका कारण कुनै काम अघि बढ्न सकेको छैन । सो सडक उत्तरतर्फ जिल्लाको डेढगाउँबाट तनहुँको मानपुर, भिमाद हुँदै खैरेनीटारमा गएर पृथ्वी राजमार्गमा जोडिन्छ । *रासस*

नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८० कार्तिक २४ मा सम्पन्न वार्षिक साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **मेगा स्टक मार्केट्स लिमिटेड (Mega Stock Markets Ltd)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर, दायित्व आदि परिवर्तन नाम **एनआइएमबि स्टक मार्केट्स लिमिटेड (NIMB Stock Markets Limited)** ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८० पौष १३ गते को निर्णय अनुसार कम्पनीको नाम **एनआइएमबि स्टक मार्केट्स लिमिटेड (NIMB Stock Markets Limited)** कायम गरिएको व्यहोरा जानकारी गराइनछ ।

NIMB STOCK MARKETS LIMITED
एनआइएमबि स्टक मार्केट्स लिमिटेड
A wholly owned subsidiary of Nepal Investment Mega Bank limited

Saket complex, Tripureshwor, Kathmandu
Phone: 015364109, 015364596
E-mail: info@nimbstock.com.np
Web: www.nimbstock.com.np

नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको धितोमा रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

(प्रकाशित मिति : २०८०/१०/०४)

यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको विभिन्न शाखा कार्यालयहरु बाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋण कर्जा तथा बैंकिङ सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई मिति २०८०/०४/१२, २०८०/०४/१४, २०८०/०५/२६ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा क्रमशः **कर्जा चुक्ता भुक्तान गर्न आउने ३५ (पैतीस) दिने, धितोमा रहेको सम्पत्ति जग्गा लिलाम बिक्रिको १५ (पन्ध्र) दिने** सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको साँवा ब्याज चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ०७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आह्वान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ०८ (आठ) औं दिन (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) मा नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको केन्द्रीय कार्यालय रत्ननगर-०१, टाँडी चितवनमा दिउँसो २:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१.	**ऋणीको नाम : एस.बि.एस बिल्डर्स एण्ड सप्लायर्स** ठेगाना : राप्ति - ३, चितवन दर्ता नम्बर : २६९६८३/०७८/०७९ (दर्ता मिति:२०७८/०५/११) जारी गर्ने कार्यलय : कम्पनी रजिष्टारको कार्यालय, त्रिपुरेश्वर काठमाडौं पान नम्बर : ६१००८३५६७ **अध्यक्ष : थलराज डल्लाकोटी** **सञ्चालकहरु:-** क) अब्दुल शंकर एकवाल खान ख) उदय प्रसाद थपलिया ग) अनुज पाठक **कर्जा शिर्षक: व्यवसायीक आवधिक कर्जा ।** **कर्जा लिएको शाखा: भरतपुर/पर्सा ।** **सुरक्षणमा रहेको धितोको विवरण** मालपोत कार्यालय खैरहनी चितवनमा **एस् बि एस् बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि** को नाममा दर्ता कायम रहेको जिल्ला चितवन, वडहरा गा.वि.स सिट नं. ५ को कि.नं. १३७३ को क्षेत्रफल २२१.७८ वर्ग मिटर, देवौली गा.वि.स. सिट नं. १ ख को कि.नं. १०२१ को क्षेत्रफल १६५.१० वर्ग मिटरमा भएको घर/जग्गा तथा सो मा रहेको लिगलगापात समेत र जिल्ला चितवन पिप्ले गा.वि.स सिट नं. ३ को कि.नं. १०४६ को क्षेत्रफल क्रमश: १३५४.५२ वर्गमिटर भएको घर/जग्गा तथा सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	**क) नाम : थलराज डल्लाकोटी** ठेगाना : भण्डारा - ९, चितवन बाबु : चेतनाथ डल्लाकोटी बाजे : वेदनिधि डल्लाकोटी पत्नी : बासना बर्तौला डल्लाकोटी ना.प्र.नं. : ३५५९९, चितवन **ख) नाम : अब्दुल शंकर एकवाल खान** ठेगाना : पिप्ले - ०९, चितवन बुवा : कमाल खान बाजे : कयाम खान पत्नी : सुनिता सापकोटा ना.प्र.नं. : ३७३५९,चितवन **ग) नाम : उदय प्रसाद थपलिया** ठेगाना : भण्डारा - ०५, चितवन बुवा : छविलाल थपलिया बाजे : खेम राज थपलिया ना.प्र.नं. : ३५१००८/३४४, चितवन **घ) नाम : अनुज पाठक** ठेगाना : पिप्ले - ०९, चितवन बुवा : नमराज पाठक बाजे : मित्र लाल पाठक ना.प्र.नं. : ३५१००६/२७७, चितवन
	ऋणीको नाम : अब्दुल शंकर एकवाल खान बुवा : कमाल खान बाजे : कयाम खान पत्नी : सुनिता सापकोटा ना.प्र.नं. : ३७३५९, चितवन **कर्जा शिर्षक: व्यक्तिगत आवधिक कर्जा ।** **कर्जा लिएको शाखा: भरतपुर, चितवन ।** **सुरक्षणमा रहेको धितोको विवरण** मालपोत कार्यालय खैरहनी चितवनमा जैवुन निसाको नाममा दर्ता कायम रहेको जिल्ला चितवन, वडा नं. ६, साविक भण्डारा ६/क को कि.नं. ६४८ को क्षेत्रफल १७७.७७ वर्ग मिटर, क्षेत्रफल भएको घर/जग्गा तथा सो मा रहेको लिगलगापात समेत ।	**क) नाम : सुनिता सापकोटा** ठेगाना : पटिहानि -५,चितवन बाबु : गोपाल सापकोटा बाजे : नरहरी सापकोटा पती : अब्दुल शंकर एकवाल खान ससुरा: कमाल खान ना.प्र.नं. : ३५-०१-७०-०२९७५, चितवन **ख) नाम : जैवुन निसा** ठेगाना : पिप्ले -८, चितवन बाबु : खेमराज थपलिया बाजे भवनाथ थपलिया पति : कमाल खान ससुरा : कयाम खान ना.प्र.नं. : १३१२/०३४, चितवन

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel.: +977-56-561258/560608
Fax: +977-56-561670
www.ndbl.com.np, info@ndbl.com.np

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. को शेयरधनी महानुभावहरुको लागि प्रकाशित गरिएको सूचना

यस वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा मिति २०८० पुस २८ गते, शनिबार सहमति (संस्था), विजय चोक, गैडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा सम्पन्न भएको र सो साधारण सभाको विवरण तथा निर्णयहरु संस्थाको वेभसाइट www.infinitylbsl.com.np मा सम्पूर्ण शेयरधनीहरुले हेर्न सकिने गरी कम्पनी ऐन, २०६३ को दफा ७५ (३) को प्रयोजनको लागि प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.
Infinity Laghubitta Bittiya Sanstha Ltd.
केन्द्रीय कार्यालय गैडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

श्रीनगर सामाजिक उद्यमी इन्भेस्टमेन्ट कम्पनी लि.

तानसेन न.पा.-४, पाल्पा

वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०४ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/२६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७९/८० को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान:

मिति : २०८०/१०/२५ गते बिहिबार (तदअनुसार ०८ फेब्रुअरी, २०२४)
समय : दिनको ३:०० बजे ।
स्थान : तानसेन न.पा.-४, पाल्पा स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफल गरिने प्रस्तावहरु (एजेण्डा) :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीको आ.व. २०७९/८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८०/८१ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. अख्तियारी दिने सम्बन्धमा ।
५. विविध ।

अध्यक्ष
श्रीनगर सामाजिक उद्यमी इन्भेस्टमेन्ट कम्पनी लि.

बाणगङ्गा सामाजिक उद्यमी इन्भेस्टमेन्ट कम्पनी लि.

बाणगङ्गा न.पा.-५, कपिलवस्तु

वार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८०/१०/०४ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/२६ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको आ.व. २०७९/८० को वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नका लागि बस्ने भएको हुँदा साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान:

मिति : २०८०/१०/२५ गते बिहिबार (तदअनुसार ०८ फेब्रुअरी, २०२४)
समय : दिनको १:०० बजे ।
स्थान : बाणगङ्गा न.पा.-५, कपिलवस्तु स्थित कम्पनीको रजिष्टर्ड कार्यालय ।

छलफल गरिने प्रस्तावहरु (एजेण्डा) :

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीको आ.व. २०७९/८० को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाहको विवरण लगायत वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने सम्बन्धमा ।
३. कम्पनीको आ.व. २०८०/८१ को लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. अख्तियारी दिने सम्बन्धमा ।
५. विविध ।

अध्यक्ष
बाणगङ्गा सामाजिक उद्यमी इन्भेस्टमेन्ट कम्पनी लि

स्कोप बचत तथा ऋण सहकारी संस्था लि.

SCOPE Saving and Credit Co-operative Society Ltd.
सैंमल-८, ललितपुर । फोन नं. ५४४६२५३

कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सूचना

यस सहकारी संस्थाबाट ऋण कर्जा उपभोग गरी आएका तपसिलमा उल्लेखित ऋणी सदस्य यहाँहरुले संस्थाको नियम बमोजिम समय समयमा तिर्नुपर्ने साँवा, ब्याज नतिरेको साथै भाखा अवधि भित्र कर्जा चुक्ता नगरेकोमा संस्थाबाट बारम्बार मौखिक, लिखित तरताकेताका साथै सार्वजनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत कर्जाको साँवा, ब्याज फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो १५ दिने सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले उक्त दिन भित्र संस्थामा सम्पर्क राखि संस्थालाई तिर्न बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर रकम समेत चुक्ता, फछ्र्यौट गर्न/गराउन सम्बन्धित ऋणी, जमानीकर्ता तथा धितो सुरक्षण लेखिदिनु हुने जग्गाधनी समेतलाई यसै सूचना मार्फत जानकारी गराइन्छ । उक्त समय सीमा भित्र पनि यहाँले संस्थालाई बुझाउनु पर्ने रकम चुक्ता नगरेमा यस संस्थालाई कर्जा सुरक्षण बापट लेखि दिएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति संस्थाको नीति नियम तथा सहकारी ऐन, नियम बमोजिम धितो लिलाम बिक्री गरी असुल उपर गरिने व्यहोरा जानकारी गराइन्छ । कथं कदाचित उक्त धितो सम्पत्तिबाट संस्थाको लेना रकम सम्पूर्ण असुल हुन नसकेमा बाँकी रहेको लेना रकमको हकमा ऋणीको सगोल परिवारका नाममा रहेको अन्य चल, अचल सम्पत्तिबाट सहकारी ऐन, नियम तथा प्रचलित नेपाल कानून बमोजिम असुल उपर गरिने व्यहोरा जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण	फोटो	ऋणीको विवरण	फोटो
नाम : पञ्च माया महर्जन सदस्य नं : २९५३ ठेगाना : बालकुमारी-८, ललितपुर पतिको नाम : प्रेम लाल महर्जन बुबाको नाम : कान्छा महर्जन ससुराको नाम : कालु महर्जन बाजेको नाम : बाबु राम महर्जन ना.प्र.नं : ९१७९ ना.प्र.जारी मिति : २०४२।०१।३० जारी स्थान : ललितपुर		**नाम : भरत महर्जन** सदस्य नं : २९५५ ठेगाना : बालकुमारी-८, ललितपुर बुबाको नाम : प्रेम लाल महर्जन बाजेको नाम : कालु महर्जन ना.प्र.नं : ९०७३ ना.प्र.जारी मिति : २०४३।०१।२३ जारी स्थान : ललितपुर	
नाम : अर्जुन महर्जन सदस्य नं : २९५२ ठेगाना : बालकुमारी-८, ललितपुर बुबाको नाम : प्रेम लाल महर्जन बाजेको नाम : कालु महर्जन ना.प्र.नं : ३३५०५ ना.प्र.जारी मिति : २०४३।०३।२७ जारी स्थान : ललितपुर		**नाम : ध्रुव महर्जन** सदस्य नं : २९५४ ठेगाना : बालकुमारी-८, ललितपुर बुबाको नाम : प्रेम लाल महर्जन बाजेको नाम : कालु महर्जन ना.प्र.नं : ६४७६९ ना.प्र.जारी मिति : २०५०।०९।२५ जारी स्थान : ललितपुर	
धितो मञ्जुरी दिनेको विवरण	**फोटो**	**धितोको विवरण**	
नाम : पञ्च माया महर्जन सदस्य नं : २९५३ ठेगाना : बालकुमारी-८, ललितपुर पतिको नाम : प्रेम लाल महर्जन बुबाको नाम : कान्छा महर्जन ससुराको नाम : कालु महर्जन बाजेको नाम : बाबु राम महर्जन ना.प्र.नं : ९१७९ ना.प्र.जारी मिति : २०४२।०१।३० जारी स्थान : ललितपुर		**पञ्च माया महर्जन**को नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ८ बालकुमारी स्थित कित्ता नं. ४२५ को क्षेत्रफल ०-९-०-० को घरजग्गा र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	